**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75690** 

# सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरु प्रति सरोकारवालाहरुको धारणा

सहप्रा. चन्द्रबहादुर श्रेष्ठ
महेन्द्ररत्न क्याम्पस, ताहाचल
Email: chandrashrestha473@yahoo.com

## लेखसार

*नेपालका सामुदायिक विद्यालयहरुमा स्थायी तथा अस्थाई शिक्षकहरु कार्यरत रहेका छन् । यस अध्ययनलाई सामुदायिक विद्यालयहरूका अस्थाई शिक्षकहरूप्रति सरोकारवालहरुको धारणामा केन्द्रित गरिएको छ । मनोवैज्ञानिक रुपमा शिक्षकको अस्थाई पदले शिक्षण तथा सिकाइ प्रक्रियामा पनि प्रभाव पार्ने भएकोले यसै समस्यालाई आधार बनाई यो अध्ययन गरिएको छ । ललितपुर जिल्ला भित्र रहेका गाँउपालिकाहरू मध्ये दक्षिण पहाडी क्षेत्रमा पर्ने बागमती गाँउपालिका भित्रका ५० ओटा सामुदायिक विद्यालयहरूमध्ये ४ ओटा माध्यमिक विद्यालयहरूलाई उद्धेश्यमुलक रुपमा छानि यो अध्ययन तिनै चारवटा विद्यालयमा सिमित गरिएको छ । उक्त सामुदायिक विद्यालयहरूमा बाल सिकाइ कक्षा देखि कक्षा १२ सम्म सञ्चालनमा रहेको विद्यालयहरू हेर्ने शिक्षा अधिकृत, छनोटमा परेका विद्यालयका प्रधानाध्यापकहरू, वि.व्य.स. अध्यक्ष, स्थायी तथा अस्थायी शिक्षक र विद्यार्थीहरूलाई उद्धेश्यमुलक नमुना छनोट विधिबाट उत्तरदाताको रूपमा छानि उनिहरूसँग छलफल गर्ने, अन्तरवार्ता लिने, प्रश्नावली भराउने र विद्यालयमा गई कक्षाकोठाको अवलोकन गर्ने कार्य गरेर तथ्याङ्क प्राप्त गरिएको छ । मिश्रित ढाँचामा आधारीत यस अध्ययनलाई वर्णनात्मक उपागममा आधारित भएर सम्पन्न गरिएको छ । यस अध्ययन अनुसार शिक्षकहरूलाई लामो समयसम्म अस्थायी रूपमा राखी राख्नु पटक्कै उचित होइन सिकाइमा समन्वय गर्न र औसत सिकाइ उपलब्धी अस्थायी शिक्षकहरूको बढी भएको तर शिक्षकलाई लामो समयदेखि अस्थायी सेवामा संलग्न गराई राख्दा पेसाको असुरक्षाका कारण अस्थायी शिक्षकमा मनोवैज्ञानिक असर परेको देखिन्छ । पेसाप्रति असन्तुष्ट देखिनुको मुख्य कारण भविष्यमा यस पेसामा असुरक्षा रहेको शिक्षकको धारणा पाइएको छ तर पनि विद्यार्थीहरूबाट आएको जवाफका आधारमा अस्थायी शिक्षकले शिक्षण सिकाइमा जिम्मेवार भइ शिक्षण गरेको पाइएको छ ।*

**मुख्य शब्दावली :** अरितिक शिक्षा, अस्थायी शिक्षक, पेशाप्रतिको उत्प्रेरणा, सामुदायिक विद्यालय ।

## अध्ययनको पृष्ठभूमी

औपचारिक शिक्षाको इतिहासलाई हेर्दा नेपालमा यसको प्रारम्भ भएको धेरै लामो समय भएको छैन । पहिले पहिले नेपालको शिक्षा प्रणली पूर्णतया धार्मिक आस्थामा आधारित अरितिक एवम् अतिरिक्त स्वरूपको थियो । प्राचिनकालदेखि नै नेपालमा अनौपचारीक शिक्षा, मठ, मन्दिर, आश्रम, गुम्बा तथा विहारहरू त्यसबेलाका विद्यालयका रूपमा स्थापित थिए भने गुरु, पुरोहित, बौद्धगुरुहरू शिक्षकहरूको भूमिकाको रुपमा काम गर्दथे । नेपालको शैक्षिक इतिहासको कालक्रमलाई प्राचिनकाल, स्वदेशकाल, विरोधकाल र योजनाबद्ध विकासकालमा विभक्त गर्न सकिन्छ । लिच्छवी र मल्लकाललाई प्राचिनकाल मानिएको छ भने पृथ्वीनारायण शाहादेखि राणाशासन शुरु हुँदासम्म स्वदेशी शिक्षाकाल र राणाकालको शिक्षालाई शिक्षामा विरोधीकाल मानिन्छ । वि.सं. २००७ साल देखियताको समयावधीलाई योजनाबद्ध विकासकाल मानिन्छ । वि.सं. २००७ साल पछिको समयलाई आधुनिककाल पनि भनिएको छ (शर्मा एण्ड शर्मा, २०६०) । नेपालमा पहिलो पटक जंगबहादुर प्रधानमन्त्री भएको पालामा वि.सं. १९१० मा दरवार स्कूलको स्थापना भएपछि औपचारिक रूपमा शिक्षाको प्रारम्भ भएको पाइन्छ । प्रारम्भमा उक्त विद्यालयमा राजा र राणा परिवारजन भन्दा बाहेकलाई शिक्षा दिइदैन थियो । जनतालाई शिक्षाको उज्यालो बाट वञ्चित राख्ने नियतले राणाशासन कालभरी करिव १०४ बर्ष नेपालमा शिक्षाको खासै विकास हुन पाएन यस अवधिमा ३१० प्रा.वि., ११ वटा मा.वि. र १ वटा महाविद्यालय खुल्यो र करिव २ प्रतिशत नेपाली जनता साक्षर बने (शर्मा, २०७२) ।

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690 

नेपालमा वि.सं. २००७ सालमा राणाशासनको अन्त्य भएपछि शिक्षाको विकास सङ्ख्यात्मक रूपमा निकै भयो । शिक्षा प्रतिको आफ्नो चाहनालाई मनभित्र कुन्ठित गरेर राखेका नेपाली जनताले जहाँनिया शासनबाट छुट्कारा पाएपछि शैक्षिक विकासमा स्वःस्फूर्त रूपमा योगदान गरे । शिक्षामा भएको सङ्ख्यात्मक विकासलाई गुणात्मक विकास बनाउन गठन गरिएका ने.रा.शि.योजना आयोग नेपालमा शिक्षा २०११ ले सरकारलाई बुझाएको प्रतिवेदनले नेपालको शिक्षा प्रणालीको सुधारमा निकै टेवा पुर्‍यायो । यस प्रतिवेदनको सुझाव अनुसार वि.सं. २०१३ सालमा योग्य शिक्षकहरू उत्पादन गर्ने उद्देश्य अनुरूप शिक्षा महाविद्यालयको स्थापना र वि.सं. २०१६ सालमात्रिभुवन विश्वविद्यालयको स्थापना गरियो जुन अहिले मुलुककै जेठो र एसियाको उत्कृष्ठ विश्वविद्यालयको रुपमा रहेको एक विश्वविद्यालयका रूपमा चिनिन्छ (शर्मा एण्ड शर्मा, २०६०) ।

ने.रा.शि.योजना आयोग २०११ को कार्यान्वयन हुँदा हुदै २०१७ को राजनैतिक परिवर्तन भयो र तत्काल नेपाल सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ गठन भयो । तत पश्चात पञ्चायती व्यवस्थालाई टेवा पुग्ने गरी राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लागु गरियो जुन नेपालको लागि उपयुक्त शिक्षा योजना मानिएको थियो तथापी २०४६ सालको राजनैतिक परिवर्तन पश्चात राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता आयोग, योजना तथा समितिहरूको गठन गरियो र तिनिहरूले आफ्नो प्रतिवेदन नेपाल सरकारलाई बुझाए । यी प्रतिवेदनहरूमा सिफरिस भएका कतिपय कुरा कार्यान्वयन भए र कतिपय कुरा कार्यान्वयन भएनन् (शर्मा, २०७२) ।

नेपालमा गणतन्त्रको स्थापना पश्चात शिक्षा क्षेत्रमा सुधार गर्न खोजिएको भएपनि देशको आर्थिक, भौतिक, शैक्षिक, प्रशासनिक तथा राजनैतिक लगायतका आशातित सफलता हासील हुन सकेको छैन । यी विभिन्न समस्याहरू मध्ये शिक्षक-कर्मचारीसम्बन्धी जोडिएका समस्याहरू हालका दिनहरूमा ज्वलन्त रूपमा देखा परेका छन् । देशको शिक्षा प्रणालीको सफलता त्यहाँ संलग्न शिक्षक कर्मचारीको कार्यकौसलता, सीप, दक्षता, क्षमता, योग्यता, लगनशीलता, इमानदारिता, धैर्यता, जोस, जाँगर, प्रतिभा तथा कुसलताको समुचित प्रयोग र परिचालनमा भर पर्छ भन्ने कुरा अकाट्य छ । विद्यालयको शिक्षालाई प्रभावकारी बनाउन त्यसमा संलग्न शिक्षक तथा प्र.अ. को व्यवस्था गर्नु पर्दछ भने त्यसलाई परिचालन गर्न शैक्षिक व्यवस्थापक निपुर्ण हुनुपर्दछ (श्रेष्ठ र बस्याल, २०७५) ।

नेपालको सामुदायिक विद्यालयमा शिक्षकको सङ्ख्या हेर्दा विभिन्न तहमा २०७७ सालमा आइपुग्दा करिव २ लाख ३८ हजार छन् । शिक्षकहरूको यो सङ्ख्या हेर्दा शिक्षक सङ्ख्या नपुगेको कुरा शिक्षक सेवा आयोगले २०७७ सालमा उल्लेख गरेको छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये पनि एउटै मापदण्डका शिक्षकहरू छैनन् । जे होस शिक्षण सिकाइ वा अनुभव वा ज्ञानको आदान प्रदान गर्न प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा गुरु, शिक्षक, सहजकर्ता, सल्लाहाकार, पथप्रर्दशकका रूपमा व्यक्तिको संलग्नता रहेको हुन्छ । औपचारिक शिक्षा प्रणलीमा शिक्षकलाई सिकाई प्रक्रियाको एक अभिन्न अंगको रूपमा स्वीकार गरिएको छ ( काफ्ले, श्रेष्ठ र सिन्हा, २०६४) ।

नेपालमा भएका विद्यालयको प्रकारलाई हेर्दा शिक्षा नियमावलीले दुई प्रकारका विद्यालयहरू परिकल्पना गरेको छ । सामुदायिक विद्यालयहरू एउटा हो जुन सरकारी मातहतमा चलेका छन भने र अर्को निजी स्वामित्वमा रहेका संस्थागत विद्यालयहरू रहेका छन् । यी दुई किसिमका विद्यालयहरूमध्ये सामुदायिक विद्यालयहरूमा अधिकतम शिक्षकहरू स्थायी छन् जसको पेशागत भविष्य सुरक्षित छ भने अर्कोतिर संस्थागत विद्यालयहरूमा अनिश्चित र असुरक्षित भविष्य बोकेका शिक्षकहरू कार्यरत छन् । यदि एस.ई.ई. परीक्षालाई विश्लेषण गर्ने हो भने संस्थागत विद्यालयका असुरक्षित र अनिश्चित भविश्य बोकेका शिक्षकहरूले एस.ई.इ परीक्षामा सहभागी भएका आफ्ना विद्यार्थीहरूमध्ये ९० प्रतिशत भन्दा बढी विद्यार्थीहरूलाई समुचित ग्रेडमा

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690


उर्तीण गराउन सफल भएका देखिन्छन् भने अर्कोतिर सामुदायिक विद्यालयहरूमा सो नतिजा ल्याउन नसकेको देखिन्छ ।

परीक्षाको नतिजा यस्तो हुनुको कारण के हो भन्ने समस्यामा केन्द्रित भई विभिन्न समयमा शिक्षा क्षेत्रमा थुप्रै अनुसन्धान हुने गरेका छन् । नेपालमा सामुदायिक विद्यालय भित्रै पनि दुई किसिमका शिक्षकहरू कार्यरत छन् । एकथरी पेशागत भविष्य सुरक्षित भएका स्थायी शिक्षकहरू छन् भने अर्कोथरी पेशागत भविष्यको ठेगान नभएका अस्थायी शिक्षकहरू र राहत कोटाका शिक्षकहरू कार्यरत छन् । राहतमा रहेका शिक्षकहरूको पनि पेशागत भविष्य पनि अस्थायी शिक्षकहरूको जस्तै छन् । पेशागत भविष्य सुरक्षित तथा असुरक्षित भएकै कारणले सामुदायिक विद्यालयका शिक्षकहरूलाई नैराश्यता त पारेको छैन ? के उनिहरूलाई उत्प्रेरणाको खाँचो छ छैन् ? उनिहरू दुबैको उत्प्रेरणाको अवस्था कस्तो छ, भन्ने जस्ता पक्षहरू केलाउनु यो अनुसन्धानको मुल मर्म रहेको छ । स्थायी र अस्थायी शिक्षकको शिक्षण सिकाइ क्रियाकलापमा उत्प्रेरणा महत्व अध्ययनमा केन्द्रित भई हालसम्म शिक्षा विकास तथा अनुसन्धान केन्द्रले समेत अनुसन्धान नगरेको सर्न्दभमा यस विषयमा अध्ययन अनुसन्धान गर्नु समय सापेक्ष, सान्दर्भिक र वस्तुगत देखिएकोले स्थायी र अस्थायी शिक्षक विचमा उत्प्रेरणाको तुलनात्मक अध्ययन गर्न खोजिएको हो । यसले सरोकारवाला सबैलाई मार्गदर्शन गराउन मद्दत पुऱ्याउने देखिएको छ ।

देशमा विकासको फड्को मार्ने क्रममा जबसम्म शिक्षकको व्यवस्थापन र विकास सहि रूपमा हुदैन तवसम्म शिक्षण सिकाइ प्रक्रियामा सुधार नआउने भएकाले त्यसको व्यवस्थापन र विकासमा बढी ध्यान दिनुपर्ने हुन्छ । शिक्षकमा के सिकाउने, कसरी सिकाउने, र कहिले सिकाउने भन्ने कुराको दक्षता हुनै पर्दछ । शिक्षकहरूको नियुक्ति प्रक्रिया, तलव सुविधा, पेशागत सुरक्षा जस्ता उत्प्रेरणा जगाउने उत्प्रेरित तत्वको फरकपनले शिक्षण सिकाइ क्रियाकलापमा मनोवैज्ञानिक असर पर्न सक्दछ । शिक्षकहरूको पेशामा स्थायीपना वा अस्थायीपनाले पनि शिक्षकहरूको शिक्षण प्रतिको मनोवैज्ञानिक धारणा फरक हुन सक्छ र त्यसको प्रभाव शिक्षण सिकाइ क्रियाकलापमा पर्दछ । हुनत शिक्षक व्यवस्थापनमा केन्द्रीकृत नीति र अस्थायी शिक्षक आपूर्ति गर्न जिम्मेवारी स्थानिय निकायलाई प्रदान गरिँदा स्थानिय दबाव र राजनैतिक सोँचभन्दा माथि उठेर योग्य र दक्ष व्यक्तिलाई शिक्षक भर्ना गर्न कठिन हुने गरेको कुरा शैक्षिक वृतमा चलिरहन्छ (श्रेष्ठ, २०६५) ।

शिक्षक सेवा आयोगले २०७६ सालमा प्रकाशित गरेको लामो समय सम्म सामुदायिक विद्यालयहरुमा अस्थायी शिक्षक पदमा रही काम गर्ने शिक्षकहरू स्थायी शिक्षकको सङ्ख्या भन्दा बढी भएकोले व्यावस्थापनमा पेशागत स्थायित्वको लागि बेलाबेलामा आन्दोलन हुने, कसैले बिचमा नै पेशा छाड्ने र कतिपय शिक्षकहरूमा क्रमशः पेशाप्रति शिथिलता आउने जस्तो कारणले उनीहरूको उत्प्रेरणामा समस्या रहेको छ । शिक्षकहरूसँग जोडिएका यस्ता समस्याहरूमध्ये एउटा प्रमुख समस्या शिक्षकहरूको किसिममा एकरूपता नहुनु हो । त्यसैको कारण उत्प्रेरणा जगाई पठनपाठनलाई प्रभावकारी तुल्याउन शिक्षक व्यवस्थापनमा वैज्ञानिकता हुनु जरुरी मात्र होइन उनीहरूलाई उचित सम्बलन र पृष्ठपोषण दिएर उत्प्रेरित पनि बनाउनु पर्छ (काफ्ले, श्रेष्ठ र सिन्हा, २०६४) ।

सामुदायिक विद्यालयमा शिक्षक दरबन्दीका प्रकारमा विविधता, तलव भत्ता विविधता, पेशागत सुरक्षामा विविधता जस्ता उत्प्रेरणा जगाउने कारक तत्वहरूको सहि उपयोग नहुदा सामुदायिक विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पारेकै हुन्छ । यस्तो समस्याले नेपालका ७७ वटा जिल्लाका सबै विद्यालयहरू केही मात्रामा प्रभावित छन् । अध्ययनको क्रममा छनोट गरिएको ललितपुर जिल्लाको शिक्षकहरूको उत्प्रेरणामा पनि यो समस्याबाट अछुतो छैन । यस जिल्लामा पनि अन्य जिल्लामा जस्तै स्थायी, अस्थायी, राहत कोटा, महिला परियोजना र निजी स्रोत शिक्षक दरबन्दी प्रकृतिका शिक्षकहरू

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690


कार्यरत छन् । यस्ता विविध प्रकारका शिक्षकहरूको उत्प्रेरणाको स्तर पनि विविध प्रकारको देखिन्छ (श्रेष्ठ, २०८१) ।


## समस्याको कथन

शिक्षण सिकाइ प्रक्रियामा शिक्षक स्थायी हुँदा मनोवैज्ञानिक रुपमा आफ्नो पेशाप्रतिको सन्तुष्टिको कारणले सकारात्मक प्रभाव पर्दछ भने अस्थायी हुँदा शिक्षकलाई आफ्नो पेशाप्रतिको सुनिश्चितता नभएकोले तुलनात्मक रुपमा नकारात्मक असर पर्दछ । सिकारुहरुलाई शिक्षकको अस्थायीपनको कारणले सिकाइमा प्रभाव पर्नु हुँदैन तर पनि नेपालमा विभिन्न दरबन्दीमा स्थायी, अस्थायी तथा अन्य स्रोतबाट पारिश्रमिक पाउने गरी विभिन्न किसिमका शिक्षक भएकोले अस्थायी शिक्षकप्रति सरोकारवालाहरुले के कस्तो धारणा व्यक्त गरेका छन् र सिकाइ प्रक्रियामा त्यसको असर के परेको छ भनि हेर्ने प्रयास यस अध्ययनमा गरिएको छ ।

## अध्ययनको सैद्धान्तिक ढाँचा


यस अन्तर्गत S.P. Robbinss को Components of job design लाई प्रस्तुत गरिएको छ । यस ढाँचामा विभिन्न अवस्थामा जागिर वा कामको स्वरुप तथा तत्वहरुलाई उल्लेख गरिएको छ ।

**S.P. Robbins ले Components of job design को बारेमा राखेको धारणा**




स्रोत : Robbins, 2005

Stonar James, Freeman & Gilbert (2009) ले The HRM Process in organisation लाई यसरी प्रस्तुत गरेका छन् -




यस ढाँचाले कामको सन्दर्भमा जोडिने विभिन्न पक्षहरु र ती पक्षहरुको एक अर्कासँगको समन्वयलाई प्रष्ट पारेको छ ।

## अध्ययन विधि

यो अध्ययन मिश्रित ढाँचामा आधारित छ । यो अध्ययन ललितपुर जिल्ला भित्र रहेका गाँउपालिकाहरूमध्ये दक्षिण पहाडी क्षेत्रमा पर्ने बागमती गाँउपालिकालाई छानिएको छ । यस गाँउपालिका भित्र ५० ओटा सामुदायिक विद्यालयहरू रहेका छन् । यस गाँउ पालिकामा विगतमा भट्टेडाडाँ स्रोत केन्द्र र प्युटार स्रोत केन्द्र रहेका थिए हाल श्रोत केन्द्र भने छैन । बागमती गाँउ पालिकामा रहेका ७ ओटा वडाहरू मध्येबाट सामुदायिक विद्यालयहरूमध्ये

**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75690** 

सामान्य सम्भाववनायुक्त नमुना छनोट विधिबाट ८ ओटा माध्यमिक विद्यालयहरूका ८ प्रधानाध्यापक ८ विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, १६ जना शिक्षक र १ जना सम्वन्धित पालिकाका अध्यक्षलाई उद्धेश्यमुलक नमुना छनोट विधिबाट छनोट गरिएको छ । ८ वटा विद्यालयका प्रति विद्यालय ८/८ जना विद्यार्थीको दरले ६४ जना विद्यार्थीलाई सामान्य सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ । तथ्याङ्क सङ्कलन गर्ने कार्यका लागि सम्बन्धित विद्यालयमा गएर त्यहाँ कार्यरत लक्षित जनसङ्ख्यासँग अन्तर्वाता लिने, प्रश्नावली भराउने, छलफल गराउने र सम्बन्धित क्षेत्रको अवलोकन फारम भरिएको छ । प्रयोग गरिएका प्रश्नावली र अन्तर्वाता सूची र अवलोकन फारम भरी आवश्यक तथ्यहरु सङ्कलन गरिएको छ ।

## नतिजाको छलफल

यस अध्ययनको क्रममा संकलन गरिएका तथ्याङ्कहरूलाई विभिन्न तवरबाट व्याख्या र विश्लेषणगर्ने कार्य यो भागमा गरिएको छ । सम्बन्धित विद्यालयबाट उपलब्ध तथ्याङ्कहरूमा कतिपय तथ्याङ्कलाई तालिकिकरण गरेर विश्लेषण गरिएको छ भने कतिपय तथ्याङ्कलाई तथ्याङ्क शास्त्रीय विधिबाट विश्लेषण गरिएको छ । मुख्यतः यो अध्ययन स्थायी र अस्थायी शिक्षकको बीचमा उत्प्रेरणाको तुलना गरिएको हुनाले यी दुबै खालका शिक्षकहरूप्रति बागमती गाउँपालिकाको शिक्षा अधिकृत, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक र विद्यार्थीहरूको अवधारणा के कस्तो रहेको छ र यी दुवै खालका शिक्षकले शिक्षण गर्दा विद्यार्थीहरूको परीक्षाको नतिजामा के कस्तो अन्तर रहेको छ भन्ने कुरालाई यस अध्ययनको विश्लेषणको केन्द्र बनाइएको छ ।

## स्थायी र अस्थायी शिक्षकहरूको सम्बन्धमा सरोकारवालाको धारणा

यस अध्ययनको निम्ति स्थायी र अस्थायी शिक्षकहरूको सम्बन्धमा निज शिक्षकहरूको शिक्षण कार्यशैली, शिक्षणमा मिलनसारीता, विद्यालयमा नियमितता, शिक्षणमा कर्तव्य परायणता, विद्यालयका शैक्षिक एवम् अन्य गतिविधिहरूमा सक्रियता जस्ता विषयहरूमा व्यापक खोज गर्नका लागि अनुसन्धानका क्रममा बागमती गाउँपालिकाको शिक्षा अधिकृत, नमुना छनोटमा परेका विद्यालयका विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, सम्बन्धित शिक्षक र विद्यार्थीहरूसँग यस अध्ययनको क्रममा अन्तर्वार्ता लिइएको छ । यसरी अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कको आधारमा यो अध्ययन गरिएको छ ।

## गाउँपालिकाका शिक्षा अधिकृतको धारणा

शिक्षक सेवा आयोग समयमै नखुलिदिनाले नेपालको शैक्षिक इतिहासलाई हेर्दा रिक्त दरबन्दीहरूमा शिक्षकको पदपूर्ति गर्नका लागि अस्थायी शिक्षक नै नियुक्ति गरेर काम चलाउनुपर्ने बाध्यात्मक अवस्था छ । वर्तमान समयमा त यो अवस्थाले झन् विकराल रूप लिएको छ । सरकारले ल्याएका शिक्षा ऐन तथा नियमावली अस्थायी शिक्षक मैत्री नभएको भन्दै यिनै मुद्दालाई उठाएर प्रत्येक बर्ष अस्थायी शिक्षकहरूले विभिन्न चरणका आन्दोलनहरू सञ्चालन गरेर शैक्षिक क्रियाकलापहरू बेलामौकामा ठप्प पार्दै आएका छन् । शिक्षक सेवा आयोगले आफ्नो क्यालेण्डर अनुसार स्थायी शिक्षकको विज्ञापन गर्न नसक्दा कतिपय शिक्षकहरू त लामो समयदेखि अस्थायी सेवाको रूपमा सेवा गर्दै आएका छन् । यसरी लामो समयदेखि अस्थायी सेवामा संलग्न गराई राख्नु कत्तिको उपयुक्त कुरा हो र यसले शिक्षण क्रियाकलापमा के कस्ता किसिमका प्रभावहरू पर्न सक्छन् भन्ने विषयमा बागमती गाउँपालिकाको शिक्षा अधिकृतलाई सोधिएको प्रश्नमा शिक्षा अधिकृतको प्रतिक्रिया निम्न रहेको पाइयो:

*शिक्षकहरूलाई लामो समयसम्म अस्थायी रूपमा राखी राख्नु पटक्कै उचित होइन । समन्वय गर्न र औसत सिकाइ उपलब्धी अस्थायी शिक्षकहरूको बढी भएको तर शिक्षकलाई लामो समयदेखि अस्थायी सेवामा संलग्न गराई राख्दा पेसाको असुरक्षाका कारण अस्थायी शिक्षकमा मनोवैज्ञानिक असर पर्दछ ।*

## स्थायी र अस्थायी शिक्षकहरूको उत्प्रेरणा सम्बन्धमा प्रधानाध्यापकको धारणा

विगतको इतिहासलाई हेर्दा नेपालको सामुदायिक विद्यालयहरूमा रिक्त हुन आएका दरबन्दीहरूमा अस्थायी शिक्षकहरूलाई नियुक्ति गरेर शैक्षिक गतिविधिहरू सञ्चालन गरेको पाइन्छ । वर्तमान समयमा त यो अवस्थाले झन् विकराल रूप लिएको छ । सरकारले ल्याएका शिक्षा ऐन तथा नियमावली अस्थायी शिक्षक मैत्री

**ILAM Vol. 21, Issue 1, February 2025**
**ISSN: 2362-1176**
**DOI: https://doi.org/10.3126/ilam.v21i1.75690**


नाभएको भन्दै यिनै मुद्दालाई उठाएर प्रत्येक बर्ष अस्थायी शिक्षकहरूले विभिन्न चरणका आन्दोलनहरू सञ्चालन गरेर शैक्षिक क्रियाकलापहरू बेलामौकामा ठप्प पार्दै आएका छन् । शिक्षक सेवा आयोगले आफ्नो क्यालेण्डर अनुसार स्थायी शिक्षकको विज्ञापन गर्न नसक्दा कतिपय शिक्षकहरू त लामो समयदेखि अस्थायी सेवाको रूपमा सेवा गर्दै अवकास समेत हुँदै आएका छन् । यसरी लामो समयदेखि शिक्षकहरूलाई अस्थायी रूपमा शिक्षण पेशामा संलग्न गराई राख्नु कति उपयुक्त कुरो हो भनेर प्रधानाध्यापकहरूलाई सोधिएको प्रश्नमा प्रधानाध्यापकहरूको प्रतिक्रिया यसप्रकार रहेको पाइयो :

शिक्षकहरूलाई लामो समयसम्म अस्थायी रूपमा राखी राख्नु पटक्कै उचित होइन भन्ने प्रधानाध्यापकको सङ्ख्या ६ जना अर्थात् ७५ प्रतिशत रहेको पाइयो । प्राप्त उत्तरलाई विश्लेषण गर्दा समग्र प्रधानाध्यापकहरूको दृष्टिकोण अस्थायी शिक्षकहरूलाई काम गराउन सजिलो हुने र उनीहरूको लगनशीलता पनि बढी हुने भन्ने नै रहेको पाइयो ।

## स्थायी र अस्थायी शिक्षकहरूको सम्बन्धमा शिक्षकको टिप्पणी

शिक्षकहरू आफैंमा उत्तरदायी, जिम्मेवार र कर्तव्यनिष्ठ हुने हो भने विद्यार्थीहरूको शिक्षण क्रियाकलापहरूमा स्थायी र अस्थायी हुनुले कुनै पनि प्रकारको फरक पार्दैन । तथापी शिक्षकहरू स्थायी र अस्थायी हुनुले शिक्षण क्रियाकलापहरूमा केहि न केहि प्रभाव परेको पाइन्छ । बागमती गाउँपालिकाको यस अध्ययन कार्यको अध्ययनसीमा भित्र रहेका शिक्षकहरूमा उनीहरू स्थायी र अस्थायी रहनुले उनीहरूमा रहेको मनोवैज्ञाकि प्रभावले शिक्षण क्रियाकलापमा के कस्तो असर एवम् प्रभाव परेको छ भन्ने विषयमा अध्ययनकार्यलाई अगाडी बढाइएको छ ।

## स्थायी र अस्थायी शिक्षकहरूको योग्यता, अनुभव र तालिमसम्बन्धी विवरण

शैक्षिक क्रियाकलापहरूलाई कसरी प्रभावकारी बनाउने भन्ने सन्दर्भमा निज शिक्षकहरूको योग्यता, अनुभव र तालिमले प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । यस अध्ययनमा समावेस गरिएका स्थायी र अस्थायी शिक्षकहरू तालिम प्राप्त रहेको, अनुभव कम्तिमा ३ वर्ष देखि १७ वर्ष सम्म र शैक्षिक योग्यता स्नातक र स्नातकोत्तर तह पुरा गरेको पाइयो ।

## स्थायी र अस्थायी शिक्षकको शिक्षण क्रियाकलापसँग सम्बन्धित विवरण

योजनाबद्ध शिक्षण कार्य शिक्षण सिकाईको एक महत्वपूर्ण पक्ष हो । शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा आवश्यक शिक्षण सामाग्रीहरू प्रयोग गरी दैनिक रूपमा पाठयोजनाको निर्माण गरी शिक्षण गरेमा शिक्षण सिकाइ क्रियाकलापमा सकारात्मक प्रभाव पर्छ भने दैनिक पाठयोजना निर्माण नगरी र शैक्षिक सामाग्रीको प्रयोग नगरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेमा शिक्षण सिकाइमा नकारात्मक असर पर्न सक्छ । यहाँ अस्थायी शिक्षकले पनि योजनाबद्ध शिक्षण गरेको पाइयो ।

## शिक्षण पेशाप्रतिको सन्तुष्टिको सम्बन्धमा शिक्षकको धारणा

यस अनुसन्धानका क्रममा नमुना छनोटमा परेका विद्यालयहरूका अनुसन्धानमा सहभागी स्थायी र अस्थायी शिक्षकहरूलाई शिक्षण पेसाप्रति कतिको सन्तुष्ट हुनुहुन्छ भन्ने प्रश्नमा गरिएको प्रश्नको जवाफमा प्राप्त धारणाहरूलाई यसप्रकार तलको तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका १ : शिक्षण पेसाप्रतिको सन्तुष्टिको सम्बन्धमा शिक्षकको विवरण**

| क्र.सं. | शिक्षकको किसिम | सङ्ख्या | पूर्ण सन्तुष्ट | आंशिक रूपमा सन्तुष्ट | सन्तुष्ट छैन |
|---|---|---|---|---|---|
| १. | स्थायी शिक्षक | ८ जना (१०० %) | ६ | २ | ० |
| २. | अस्थायी शिक्षक | ८ जना (१०० %) | २ | २ | ४ |

*स्रोत : स्थलगत अध्ययन, २०८०*

माथिको तालिकामा उल्लेख भएअनुसार शिक्षण पेसाप्रति कतिको सन्तुष्ट हुनुहुन्छ ? भन्ने प्रश्नको उत्तरमा ६ जना स्थायी शिक्षकहरूले पूर्ण सन्तुष्ट छु भन्ने धारणा व्यक्त गर्नुभयो भने अर्कोतर्फ २ जना मात्र

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690 

अस्थायी शिक्षकबाट पूर्ण सन्तुष्ट रहेको उत्तर प्राप्त भयो । त्यस्तै २ जना स्थायी शिक्षक र २ जना अस्थायी शिक्षकले शिक्षण पेसाप्रति आफूहरू आंशिक रूपमा मात्र सन्तुष्ट रहेको बताउनुभयो । शिक्षण पेसाप्रति आफू सन्तुष्ट नरहेको बताउनेमा ४ जना मात्र अस्थायी शिक्षक देखिनुभयो । यसरी समग्रमा हेर्दा स्थायी शिक्षकहरू शिक्षण पेसामा बढी सन्तुष्ट देखिएको पाइयो भने अस्थायी शिक्षकहरू यस पेसाप्रति खासै सन्तुष्ट देखिएनन् । यस पेसाप्रति असन्तुष्ट देखिनुको मुख्य कारण भविष्यमा यस पेसाको असुरक्षा रहेको सबैको धारणा थियो ।

कार्यसन्तुष्टिले कार्यको मात्रा र दर बढ्छ । कार्यसन्तुष्टि भएमा पेसा परिवर्तन गर्न, समयमा काममा नजाने, विदा लिने, भाग्ने जस्ता कार्यको मात्रा कम हुन्छ भन्ने S.P. Robbins को Organizational behavior सम्बन्धी धारणाअनुसार पेशागत सन्तुष्टिले कार्यगत आकर्षण बढाउने देखिन्छ ।

## दैनिक पाठयोजना निर्माण सम्बन्धमा शिक्षकको धारणा

यस अनुसन्धानको क्रममा सहभागी गराइएका शिक्षकहरूलाई तपाईहरू नियमित रूपमा दैनिक पाठयोजना निर्माण गर्नुहुन्छ कि हुदैन भन्ने प्रश्न गरिएको थियो । यस प्रश्नको जवाफमा दैनिक पाठयोजना निर्माण गर्ने या नगर्ने भन्ने शिक्षकहरूको धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ -

**तालिका २ : दैनिक पाठयोजना निर्माण सम्बन्धमा शिक्षकहरूको विवरण**

| क.सं. | शिक्षकको किसिम | सङ्ख्या | पूर्ण रूपमा बनाउने | आंशिक रूपमा बनाउने | नबनाउने |
|---|---|---|---|---|---|
| १. | स्थायी शिक्षक | ८ जना (१०० %) | - | ४ जना (५० %) | ४ जना (५० %) |
| २. | अस्थायी शिक्षक | ८ जना (१०० %) | ४ जना (५० %) | २ जना (२५ %) | २ जना (२५ %) |

*स्रोत : स्थलगत अध्ययन, २०८०*

माथिको तालिका २ मा उल्लेख भएअनुसार पूर्ण रूपमा पाठयोजना बनाउने स्थायी शिक्षक कोहि पनि नभएको पाइयो भने आंशिक रूपमा पाठयोजना बनाउने स्थायी शिक्षक ४ जना र पाठयोजना नै नबनाई शिक्षण गर्ने स्थायी शिक्षक ४ जना रहेको जानकारी प्राप्त भयो । त्यस्तै ४ जना अस्थायी शिक्षकहरूबाट पूर्णरूपमा पाठयोजना निर्माण गर्ने गरेको उत्तर पाइयो भने २ जना अस्थायी शिक्षकले आंशिक रूपमा पाठयोजना निर्माण गरी शिक्षण गर्ने गरेको पाइयो र २ जना अस्थायी शिक्षकले पाठयोजना नै नबनाई शिक्षण गर्ने जानकारी प्राप्त भयो ।

दैनिक रूपमा पाठयोजना निर्माण गरी शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्नु शिक्षण सिकाई प्रक्रियाको एउटा महत्वपूर्ण पक्ष हो । यस शोध अध्ययनको क्रममा प्राप्त नतिजा अनुसार दैनिक पाठयोजना निर्माणमा स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षक नै बढी अग्रसर रहेको पाइयो । धेरै जसो शिक्षकहरूले दैनिक पाठयोजना निर्माण नगर्नुको मुख्य कारण दैनिक रूपमा बढी घण्टीको कारण समयको अभावले निर्माण गर्न नसकेको जवाफ दिनुभयो भने कतिपय शिक्षकहरूले मानसिक रूपमा नै पाठ शिक्षणको तयारी गरेर आउने भएकाले लिखित रूपमा पाठयोजना बनाइरहनु आवश्यक नरहेको जवाफ दिनुभयो ।

कुनै पनि शैक्षणिक योजना शिक्षण सिकाइको मुटु हो । बिना योजनाको शिक्षण कुहिरोको काग जस्तै हुन्छ । शिक्षकले कक्षामा जानुपूर्व नै के पढाउने, किन पढाउने, कसरी पढाउने, के के सामग्री प्रयोग गरी पढाउने, कति पढाउने जस्ता प्रश्नको उत्तर खोज्न आवश्यक छ भन्ने R.A. Sharma को धारणासँग अनुसार शिक्षकको मनोविज्ञानले काम गरेको देखियो ।

## स्थायी र अस्थायी शिक्षकहरूको उत्प्रेरणा सम्बन्धमा विद्यार्थीहरूको धारणा

यस अध्ययन कार्यको क्रममा स्थायी र अस्थायी शिक्षकहरूले विद्यार्थीहरूसँग कक्षाकोठा भित्र र बाहिर गर्ने व्यवहारसम्बन्धी व्यवहार बुझ्न सम्बन्धित विद्यालयका विद्यार्थीहरूसँग गरिएको व्यापक अन्तरक्रिया, छलफल तथा १५ ओटा प्रश्नहरू समावेश गरिएको प्रश्नावलीको प्रयोग गरियो ।

## शिक्षण सिकाइका सम्बन्धमा विद्यार्थीहरूको धारणा

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690


यस अध्ययनको क्रममा नमुना छनोटमा परेका ८ ओटा विद्यालयहरूबाट प्रति विद्यालय १६ जनाको दरले जम्मा ६४ जना विद्यार्थीहरूबाट कसले पढाएको राम्ररी बुझिने वा नबुझिने भन्ने सम्बन्धमा स्थायी र अस्थायी शिक्षकहरूप्रतिको प्राप्त व्यक्तिगत धारणाहरूलाई यसप्रकार तलको तालिकामा उल्लेख गरिएको छ:

**तालिका ३ : शिक्षकले पढाएको राम्ररी बुझिने वा नबुझिने सम्बन्धी विद्यार्थीहरूको विवरण**

| क्र.सं | विद्यार्थीहरूको प्रतिक्रियाको विवरण | स्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या |
|---|---|---|---|
| १. | धेरै राम्ररी बुझ्छु । | १२ (१८.७५ %) | २४ (३७.५ %) |
| २. | ठिक ठिकै मात्रामा बुझ्छु । | १६ (२५%) | २० (३१.२५ %) |
| ३. | कक्षामा बुझेजस्तो हुन्छ, घरमा गएर बिर्सिन्छ । | ३६ (३७.५ %) | १२ (१८.७५ %) |
| ४. | खासै राम्ररी बुझ्दिन । | १२ (१८.७५ %) | ८ (१२.५%) |
| **जम्मा** | | **६४ जना (१०० %)** | **६४ जना (१०० %)** |

***स्रोत : स्थलगत अध्ययन, २०८०***

माथिको तालिकामा उल्लेख भए अनुसार कुन शिक्षकले पढाएको बुझ्नुहुन्छ भन्ने प्रश्नको जवाफमा १२ जना विद्यार्थीहरूले स्थायी शिक्षक र २४ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले पढाएको बुझ्छु भन्ने प्रतिक्रिया दिए । त्यस्तै १६ जना विद्यार्थीहरूले स्थायी शिक्षक र २० जना विद्यार्थीहरूले अस्थायी शिक्षकले पढाएको ठिकै बुझ्छु भन्ने प्रतिक्रिया दिए । त्यस्तै २४ जना विद्यार्थीहरूले स्थायी शिक्षक र १२ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले कक्षामा पढाउँदा बुझेजस्तो हुन्छ तर घरमा गएर बिर्सिन्छु भन्ने जवाफ दिए । १२ जना विद्यार्थीहरूले स्थायी शिक्षक र ८ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले पढाएको खासै राम्ररी बुझ्दिन भन्ने जवाफ दिए । समग्रमा विद्यार्थीहरूबाट पाएको जवाफका आधारमा स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षकले पढाएको कुरा विद्यार्थीहरूले राम्ररी बुझ्ने गरेको तथ्य देखिन्छ ।

## शिक्षकको पढाउने कला तथा क्षमता सम्बन्धमा विद्यार्थीहरूको धारणा

यस अध्ययनको क्रममा नमुना छनोटमा परेका विद्यालयका अनुसन्धानमा संलग्न गराइएका शिक्षकको पढाउने कला तथा क्षमता सम्बन्धमा केहि प्रश्न गरिएको थियो । विद्यार्थीहरूबाट प्राप्त एवम् विद्यार्थीहरूले राखेको विभिन्न धारणाहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ:

**तालिका ४ : शिक्षकको पढाउने कला तथा क्षमता सम्बन्धमा विद्यार्थीहरूको धारणा**

| क्र.सं | विद्यार्थीहरूको प्रतिक्रियाको विवरण | स्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या |
|---|---|---|---|
| १. | धेरै राम्रो पढाउनुहुन्छ । | १२ (१८.७५ %) | २८ (४३.७५ %) |
| २. | ठिक ठिकै पढाउनुहुन्छ । | २८ (४३.७५%) | २० (३१.२५ %) |
| ३. | खासै राम्ररी पढाउनुहुन्न । | २० (३१.२५ %) | १६ (२५ %) |
| ४. | पढाएको मन पर्दैन । | ४ (६.२५ %) | - |
| **जम्मा** | | **६४ जना (१०० %)** | **६४ जना (१०० %)** |

***स्रोत : स्थलगत अध्ययन, २०८०***

माथिको तालिकामा उल्लेख गरिए अनुसार शिक्षकले कस्तो पढाउनुहुन्छ ? भन्ने प्रश्नको जवाफमा १२ जना विद्यार्थीहरूले स्थायी शिक्षक र २८ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले धेरै राम्रो पढाउनुहुन्छ भन्ने प्रतिक्रिया दिए । त्यस्तै २८ जना विद्यार्थीहरूले स्थायी शिक्षक र २० जना विद्यार्थीहरूले अस्थायी शिक्षकले ठिकै पढाउनुहुन्छ भन्ने प्रतिक्रिया दिए । त्यस्तै २० जना विद्यार्थीहरूले स्थायी शिक्षक र १६ जना विद्यार्थीहरूले अस्थायी शिक्षकले कक्षामा खासै राम्ररी पढाउनुहुन्न भन्ने जवाफ दिए र ४ जना विद्यार्थीहरूले स्थायी शिक्षकले पढाएको

ILAM Vol. 21, Issue 1, February 2025
ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690 

मन पर्दैन भन्ने जवाफ दिए । कुनै पनि विद्यार्थीले अस्थायी शिक्षकले पठाएको मन पर्दैन भन्ने जवाफ दिएनन् । समग्रमा विद्यार्थीहरूबाट पाएको जवाफका आधारमा स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षकले पढाएको राम्रो भन्ने कुरा विद्यार्थीहरूको जवाफबाट प्राप्त भयो ।

शिक्षण सिकाइ कार्यमा शिक्षकको तयारी, लगानी, प्रतिबद्धता जस्ता कुरा महत्वपूर्ण हुन्छ । सिकाइको विभिन्न नियम र सिद्धान्तले पनि यो कुरा प्रष्ट गर्दछ । यसरी सिकाइको नियम र सिकाइको सिद्धान्त सम्बन्धी Chauhan S.S. को पाठ्यसामग्रीको विषय अनुसार शिक्षकको पढाउने कला प्रभावित हुने देखिन्छ ।

## शिक्षकले प्रदान गर्ने नियमित गृहकार्य सम्बन्धी विद्यार्थीहरूको धारणा

विद्यार्थीको शिक्षण सिकाइको एउटा प्रमुख पाटो गृहकार्य हो । दैनिक रूपमा पाठयोजनाको एउटा महत्वपूर्ण अंश गृहकार्य विद्यार्थीहरूलाई नियमित रूपमा गराउने र त्यसको नियमित रूपमा परीक्षण पनि गर्ने हो भने विद्यार्थीहरूको सिकाइ प्रक्रियामा निकै प्रभावकारीता आउँछ । यहाँ अध्ययनको क्रममा विद्यार्थीहरूलाई शिक्षकहरूले नियमित रूपमा गृहकार्य दिने र नियमित रूपमा परीक्षण गर्ने वा नगर्ने बारे प्रश्न गरिएको थियो । यस प्रश्नको जवाफमा विद्यार्थीहरूबाट आएको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छः

**तालिका ५ : शिक्षकले नियमित रूपमा गृहकार्य दिने र परीक्षण गर्ने सम्बन्धी विद्यार्थीहरूको धारणा**

| क्र.सं | विद्यार्थीहरूको प्रतिक्रियाको विवरण | स्थायी शिक्षकप्रति धारणा राख्ने विद्यार्थीको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राख्ने विद्यार्थीको सङ्ख्या |
|---|---|---|---|
| १. | नियमित गृहकार्य दिनुहुन्छ र परीक्षण पनि गर्नुहुन्छ । | २० (३१.२५ %) | ३२ (५० %) |
| २. | नियमित गृहकार्य दिनुहुन्छ तर परीक्षण गर्नुहन्न । | १६ (२५ %) | २० (३१.२५ %) |
| ३. | कहिलेकाही गृहकार्य दिनुहुन्छ र कहिलेकाही मात्र परीक्षण गर्नुहुन्छ । | १६ (२५ %) | ८ (१२.५ %) |
| ४. | गृहकार्य पनि दिनुहुन्न र परीक्षण पनि गर्नुहुन्न । | १२ (१८.७५ %) | ४ (६.२५ %) |
| **जम्मा** | | **६४ जना (१०० %)** | **६४ जना (१०० %)** |

***स्रोत : स्थलगत अध्ययन, २०८०***

माथिको तालिकामा उल्लेख भए अनुसार गृहकार्य दिने र नियमित परीक्षण गर्ने प्रक्रियाको प्रश्नको उत्तरमा २० जना विद्यार्थीले स्थायी शिक्षक र ३२ जना विद्यार्थीले अस्थायी शिक्षकले नियमित गृहकार्य दिने र नछुटाई परीक्षण पनि गर्ने गरेको प्रतिक्रिया दिए । त्यस्तै १६ जना विद्यार्थीले स्थायी शिक्षक र २० जना विद्यार्थीले अस्थायी शिक्षकले नियमित गृहकार्य दिने गरेको तर परीक्षण गर्ने नगरेको प्रतिक्रिया दिए । अर्कोतर्फ १६ जना विद्यार्थीले स्थायी शिक्षक र ८ जना विद्यार्थीले अस्थायी शिक्षकले कहिलेकाहि मात्र गृहकार्य दिने गरेको र कहिलेकाहि मात्र परीक्षण गर्ने गरेको धारणा व्यक्त गरे भने गृहकार्य दिने नगरेको र कहिल्यै पनि परीक्षण नगर्ने १२ जना स्थायी शिक्षक र ४ जना अस्थायी शिक्षक पाइयो । यस प्रश्नको सन्दर्भमा स्थायी र अस्थायी शिक्षकहरूमध्ये गृहकार्य बढी दिने र नियमित परीक्षण गर्नेमा अस्थायी शिक्षकहरू अग्रसर रहेको पाइयो । यसरी आन्तरिक परीक्षा सुधारात्मक तथा निर्माणात्मक हुने भएकोले निर्माणात्मक मूल्याङ्कनलाई जोड दिनुपर्छ भन्ने स्क्रीभिनको भनाई अनुसार शिक्षकले काम गरेको पाइयो (श्रेष्ठ र रञ्जितकार, २०७८) । यसबाट पनि मूल्याङ्कनको प्रयोग र प्रभावकारीतासँग शिक्षकको धारणा सापेक्षित रहेको पाइन्छ ।

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690

## शिक्षकहरूले लिने परीक्षासम्बन्धी विद्यार्थीको प्रतिक्रिया

अनुसन्धानका क्रममा विद्यार्थीहरूलाई नमुना छनोटमा परेका विद्यालयमा स्थायी तथा अस्थायी शिक्षकहरूले नियमित रूपमा प्रत्येक एकाइको शिक्षण पश्चात एकाई परीक्षा लिने गरेको वा नगरेको बारे प्रश्न सोधिएको थियो । त्यस प्रश्नको उत्तरमा विद्यार्थीहरूले व्यक्त गरेको धारणालाई तलको तालिकामा देखाइएको छः

**तालिका ६ : शिक्षकहरूको नियमित रूपमा एकाइ परीक्षा लिने बारे विद्यार्थीको प्रतिक्रियाको विवरण**

| क.सं. | विद्यार्थीहरूबाट प्राप्त प्रतिक्रिया विवरण | स्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या | अस्थायी शिक्षकप्रति धारणा राख्नेको सङ्ख्या |
|---|---|---|---|
| १. | नियमित परीक्षा लिनुहुन्छ । | २४ (३७.५ %) | ३२ (५० %) |
| २. | कहिलेकाही मात्र परीक्षा लिनुहुन्छ । | २८ (४३.७५ % ) | २४ (३७.५ %) |
| ३. | परीक्षा लिनुहुन्न । | १२ (१८.७५ % ) | ८ (१२.५ %) |
| | **जम्मा** | **६४ (१०० % )** | **६४ (१०० %)** |

***स्रोत : स्थलगत अध्ययन, २०८०***

माथिको तालिकामा उल्लेख भए अनुसार २४ जना विद्यार्थीले स्थायी शिक्षक र ३२ जना विद्यार्थीले अस्थायी शिक्षकहरूले नियमित रूपमा एकाई परीक्षा लिने गरेको कुरा दर्शाए भने २८ जना विद्यार्थीले स्थायी र २४ जना विद्यार्थीले अस्थायी शिक्षकहरूले कहिलेकाहीँ मात्र एकाई परीक्षा लिनेकुरा व्यक्त गरे त्यस्तै १२ जना विद्यार्थीले स्थायी शिक्षक र ८ जना विद्यार्थीले अस्थायी शिक्षकहरूले एकाइ परीक्षा नै नलिने गरेको व्यक्तिगत धारणा दिए । यसरी विद्यार्थीहरूले एकाई परीक्षा लिने सम्बन्धमा अस्थायी शिक्षकप्रति राखेको धारणा बढी प्रभावकारी देखिन्छ ।

## निष्कर्ष

शिक्षकहरूले कक्षाशिक्षण गर्दा विद्यालयका प्रधानाध्यापकले नियमित रूपमा कक्षा अवलोकन गर्ने र शिक्षकहरूलाई पृष्ठपोषण प्रदान गर्नुपर्दछ । यसका लागि प्रधानाध्यापकहरूलाई छुट्टाछुट्टै विषयहरूको कक्षा अवलोकन कसरी गर्ने भन्ने कुराको वैज्ञानिक तरिकाले तालिमको व्यवस्था गर्नुपर्दछ । सबै शिक्षकहरूले दैनिक रूपमा पाठयोजना बनाएर शिक्षण गर्ने गरेको पाइएन । पाठयोजनाको आधारमा शिक्षण गर्दा शैक्षिक उपलब्धीहरू उच्च हुने कुरा संसारभरी प्रमाणित भइसकेको छ । त्यसैले सबै शिक्षकहरूले नियमित रूपमा दैनिक पाठयोजना बनाउने र यथार्थ रुपमा कार्यान्वयन गर्नुपर्दछ । पाठयोजना निर्माण गर्ने सम्बन्धमा शिक्षकहरूलाई अध्यावधिक तालिमको व्यवस्था गर्नुपर्दछ । प्रायजसो शिक्षकहरूले नियमित रूपमा गृहकार्य नदिने र नियमित रूपमा परीक्षण नगर्ने देखिएकाले यस सम्बन्धमा सबै शिक्षकहरू कटिबद्ध भई यस कार्यलाई नियमितता दिनुपर्दछ । शिक्षण सिकाइ क्रियाकलापमा विद्यार्थीहरूको सक्रियता अलि कम देखिएकाले सबै शिक्षकहरूले विद्यार्थी केन्द्रित विधिहरूको बढी प्रयोग गर्नुपर्ने देखिन्छ ।

स्थायी शिक्षकको तुलनामा अस्थायी शिक्षकको शिक्षण सिकाइको मात्रा, दर र गुणस्तर ढी देखिएको अनुसन्धानको क्रममा अस्थायी शिक्षकलाई पनि प्रक्रिया पुरा गरी स्थायी गरिनु पर्छ । स्वतः स्थायी गर्ने प्रक्रिया भने अपनाउनु हुँदैन । स्थायी र अस्थायी शिक्षकको विभेद अन्त्य गरी मुलुकभरी एक प्रकारको शिक्षक राख्ने नीतिगत व्यवस्था गर्नुपर्छ । अस्थायी शिक्षकहरु पनि स्थायी भएपछि शैक्षिक प्रतिबद्धतामा कमि आउन सक्ने भएकोले निरीक्षण, अनुगमन, कक्षा अवलोकन, दण्ड र पुरस्कारको व्यवस्था गर्नुपर्छ । सामुदायिक विद्यालयमा अस्थायी शिक्षकहरुप्रति सरोकारवाला व्यक्ति तथा संस्थाको सकारात्मक धारणा हुनु जरुरी देखिन्छ ।

## सन्दर्भग्रन्थ सूची

अग्रवाल, गोविन्दराम (२०६४), *नेपालमा व्यवस्थापनका सिद्धान्तहरू,* एम.के. पब्लिसर्स एन्ड डिस्टिब्यूटर्स ।

काफ्ले, वासुदेव, श्रेष्ठ, चन्द्रबहादुर र सिन्हा, रामस्वरूप (२०६२), *शैक्षिक प्रशासन र सुपरिवेक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०७१), *शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,* विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं ।।

ISSN: 2362-1176
DOI: https://doi.org/10.3126/ilam.v21i1.75690

थापा, विजय कुमार र अन्य (२०६८), *शिक्षामा मानव संशाधन व्यवस्थापन,* विद्यार्थी पुस्तक भण्डार, काठमाण्डौं ।

बराल, खगराज (२०८१), *शिक्षा चिन्तन,* भुँडीपराण प्रकाशन, काठमाण्डौं ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०७३), *शिक्षा मनोविज्ञान।* एम.के. पब्लिसर्स एन्ड डिस्टिब्युटर्स, काठमाण्डौं ।

श्रेष्ठ, चन्द्रबहादुर, घिमिरे, तुल्सीराम र लुईटेल, खगेन्द्र प्रसाद (२०७९), *शैक्षिक योजना तथा व्यवस्थापनको वर्तमान प्रवृत्ति,* भुडिपुराण प्रकाशन, काठमाण्डौं ।।

श्रेष्ठ, चन्द्रबहादुर (२०७६), *शैक्षिक सुपरिवेक्षण,* विद्यार्थी प्रकाशन प्रा.लि., काठमाण्डौं ।

श्रेष्ठ, चन्द्रबहादुर र अन्य (२०७६), *शैक्षिक प्रशासन,* विद्यार्थी प्रकाशन प्रा.लि., काठमाण्डौं ।

श्रेष्ठ, चन्द्रबहादुर र रञ्जितकार, किरणराम (२०७८), *पाठ्यक्रम र मूल्याङ्कन,* भुडिपुराण प्रकाशन ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात संझना (२०७५), *शिक्षाको दर्शनशास्त्रीय आधार,* भुडिपुराण प्रकाशन ।

Agrawal J.C. (1995). *Essential of Educational Psychology*. Vikash Publishing House Pvt. Ltd., New Delhi

Afful K. (2000), *Management & organizational behaviour.* Ekata Books, Kathmandu

Agrawal, G. R. (1999). *Organization & Management in Nepal*. M.K. Publishers & Distributors Kathmandu Nepal

Bhatnager, R. P. & Agrawal, V. (1999), *Educational Adminstration,* Surya Publication, Meerut, India.

Chauhan, S. S. (2000). *Advance Educational Psychology.* Vikash Publishing House Pvt. Ltd., New Delhi.

Durai, P. (2010). *Humana Resource Management.* Vikash Publishing House Pvt. Ltd., PEARSON, India.

Griffin, R.W. (2005), *Management,* Biztantra. Vikash Publishing House Pvt. Ltd., New Delhi.

Kafle, B. & Others (2060), *Educational Planning,* Bhundipuran Prakashan, Bagbazar, Kathamdnu.

Robbins, S.P. (2005). *Organazational Behavior (10th edition).* Vikash Publishing House Pvt. Ltd., PEARSON, India.

Stoner, J., A., Freeman, R., Daniel R., & Gilbert, J. R. (2009). *Management and supervision in education.* Vikash Publishing House Pvt. Ltd., PEARSON, India.

Sharma, R. A. (2004), *Technological Foundation of Education,* R. Lall Book Depatment, Meerut.

Weihrich, H. & Koontz, H. (2005). *Management A global perspective,* Tata Mc Graw Hill Publishing Company Ltd., New Delhi.